जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

## इन्सेकको २७ औं साधारणसभाद्वारा पारित समसामयिक प्रस्ताव

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को २७ औं वार्षिक साधारणसभा देशको समसामयिक मानवअधिकार अवस्थासँग सम्बन्धित निम्न लिखित प्रस्तावहरू पारित गर्दै सम्पन्न भएको छ ।

१. २०८० कात्तिक १७ गते मध्यरातमा जाजरकोट केन्द्रविन्दु भइ गएको भूकम्पका कारण भौतिक संरचना भत्कँदा जाजरकोटका १ सय १ जना र रुकुम पश्चिमका ५२ जना गरी हालसम्म १ सय ५३ जनाको मृत्यु भएको छ । सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेको उपचार, राहत, पुनर्स्थापना र पुनर्निर्माणका काम बिना भेदभाव गर्न तीनै तहका सरकारसँग साधारणसभा माग गर्दछ । साथै, आगामी दिनमा हुनसक्ने भूकम्प वा यस्तै विपत्तिबाट जोगिने उपाय अबलम्बन गर्न र सोबारे सचेतना कार्यक्रमलाई तीब्रताका साथ अगाडि बढाउन साधारणसभा सरकारसँग आग्रह गर्दछ ।

२. संविधान प्रदत्त मानवअधिकार र सामाजिक न्यायको मान्यतालाई लत्याउँदै अपराधलाई राजनीतिक रङ दिन राजनीतिक दल वा सरकारहरूद्वारा गरिँदै आएका कृयाकलापको भर्त्सना गर्दछौं । न्याय, लोकतान्त्रिक मुल्य र मान्यताको क्षयीकरण हुने गरी राजनीतिक क्षेत्रमा देखिएका कृयाकलापले आम नागरिकमा निरासा आउने क्रम देखिएकाले समयमा नै होसियार भई राजनीतिक दलहरूले सर्वोच्च अदालतले भर्खरै गरेको आदेशबमोजिम आगामी दिनमा कुनै पनि बहानामा ज्यान मुद्दामा सजाय माफीको क्रम नदोहोर्‍याउन साधारणसभा माग गर्दछ ।

३. १० वर्ष लामो सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भएको १८ वर्ष पूरा हुनै लाग्दासमेत द्वन्द्वपीडितको न्याय, मानव अधिकार तथा परिपूरणका सवाल ज्युँका त्युँ रहनु दुखद् अवस्था हो । विस्तृत शान्ति सम्झौता तथा त्यसयता भएका सहमतिहरूमा उल्लेखित विषयमा देखिने गरी प्रगति हुन सकेको छैन । राजनीतिक दल र सरकारले यस विषयमा देखाएको उदासिनताको हामी कडा विरोध गर्दछौं ।
हाले संयुक्त राष्ट्र सङ्घका महासचिव एण्टोनियो गुटेरेसले नेपालको संसदको संयुक्त बैठकमा सम्बोधन गर्ने क्रममा आह्वान गर्नु भए झैँ द्वन्द्वपीडितको न्यायको सवाललाई केन्द्रमा राखी, अन्तर्राष्टिय मानवअधिकार कानुन र सर्वोच्च अदालतका फैसलाहरूको आधारमा सङ्क्रमणकालीन न्यायको प्रकृयालाई टुंग्याउन यथाशीघ्र संसदबाट संक्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माण गर्दै पीडितको न्यायका लागि नतिजामूलक कार्य गर्न राजनीतिक दल र सरकारसँग यो साधारणसभा जोडदार आह्वान गर्दछ ।

४. एक वर्ष भन्दा लामो समयदेखि रुस र युक्रेनबीच जारी युद्ध र चार हप्तादेखि इजरायल र प्यालेष्टाइनको विद्रोही समूह हमासबीच जारी युद्धका कारण हजारौं मानिसले ज्यान गुमाएका छन् । गाजा क्षेत्रका अस्पताललगायतका संवेदनशील क्षेत्रमा इजरायलबाट गरिएको योजनाबद्ध आक्रमणमा बालबालिकासहित हजारौं सर्वसाधारण मारिएका छन् । साधारणसभा इजरायलबाट भएको नृसंश कार्यको भर्त्सना गर्दछ ।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सो द्वन्द्वमा हालसम्म १० जना नेपाली युवाको हत्या भएको छ भने एक जना बेपत्ता छन् । साधारणसभा इजरायलमा मारिएका नेपालीप्रति श्रद्धाञ्जली व्यक्त गर्दछ । विश्व शान्ति र मानवीय कानुन विरुद्धको यस्तो युद्ध उन्मादले हामीलाई चिन्तित बनाएको छ । यो साधारणसभा युद्धको अन्त्यका लागि आवश्यक पहल गर्न र ओस्लो सम्झौता १९९३ मा सहमति भएको दुई राज्य समाधानको प्रावधान अनुसार समाधान गर्न साधारणसभा अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गर्दछ ।

५. राष्ट्रिय मानवअधिकार आयोग, नेपालको 'क' श्रेणीमै कायम रहेकोमा साधारणसभा खुसी र सन्तोष व्यक्त गर्दछ । साथै, वर्तमान संविधानबमोजिम पेरिस सिद्धान्तको पूर्ण पालना गर्दै नयाँ राष्ट्रिय मानव अधिकार ऐन र मानव अधिकार रक्षकहरुको अधिकारसम्बन्धी कानुनहरु तर्जुमा गर्न अगुवाइ गर्न आयोगसँग माग गर्दछ र सरकार, संसद र राजनीतिक दलहरूलाई उक्त कानुनहरू जिम्मेवारपूर्ण ढंगले पारित गर्न साधारणसभा आह्वान गर्दछ ।

६. विश्वव्यापी रूपमा चिन्ताको विषयका रूपमा देखिएको तीब्रतर वातावरणीय विनासको असर मानवअधिकारको क्षेत्रमा गम्भीर चुनौतीका रुपमा देखिएको छ । विश्वव्यापी अस्वभाविक तापमान वृद्धि र जलवायु परिवर्तनका असर नेपालका आधारभूत तहका जनताको आर्थिक सामाजिक जीवनमा सबैभन्दा बढी परेको विभिन्न अध्ययनहरूबाट प्रष्ट देखिएको छ । तसर्थः हामी जलवायु परिवर्तनका घातक असर र यसबाट खासगरी आधारभूत तहका जनतामा पर्न थालेको प्रभावलाई वातावरणीय न्यायको सिद्धान्तका आधारमा सम्बोधन गर्न साधारणसभा आह्वान गर्दछ ।

७. देशमा बढ्दो आत्महत्याका घटनाहरूप्रति इन्सेकको गम्भीर ध्यानाकर्षण भएको छ । यो विषयको गहन अनुसन्धान गरी यसको निराकरण लक्षित कार्यक्रम ल्याउन तीनै तहका सरकारसँग साधारणसभा माग गर्दछ ।

डा. कुन्दन अर्याल
अध्यक्ष

२०८० कार्तिक २२ गते

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org